गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८१/०७/१२

समयः विहान ७:०० बजे

आज मिती २०८१/०७/१२ गते यस टेम्केमैयुङगाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामाबसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताब माथि छलफल गरी निर्णय गरियो ।

उपस्थीती

| | | |
|---|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष | |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष | |
| श्री नर बहादुर राई | गा.पा. सदस्य | |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य | |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य | |
| श्री हर्कराज राई | गा.पा. सदस्य | |
| श्री सुनिल राई | गा.पा. सदस्य | |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य | |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य | |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य | |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य | |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य | |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य | |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य | |
| श्री सन्तोष राई | गा.पा. सदस्य | |
| श्री कल्पना परियार | गा.पा. सदस्य | |
| श्री विकेन पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

श्री गंगा वहादुर तामाङ		का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखापाल श्री अर्जुनजंग बस्नेत

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

शिक्षा शाखा प्रमुख श्री राजन ढकाल

योजना शाखा श्री लिला प्रसाद पराजुली

कार्यालय सहयोगी श्री सुवास गिरी

## प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।

२) परियोजना कार्यान्वयन समिति (PIC) गठन गर्ने सम्वन्धमा ।

३) सुन्धुम फार्म ट्रिपको समिक्षा सम्बन्धमा ।

४) १५ वेड अस्पतालको निर्माण गर्न कम्पनीलाई स्पष्टिकरण सोध्ने सम्बन्धमा ।

५) विविध

२०७९/०६/१२

निर्णयहरु

**निर्णय नं. १. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

**निर्णय नं २ परियोजना कार्यान्वयन समिति (PIC) गठन गर्ने सम्बन्धमा ।**

नेपाल सरकार र स्वीस सरकारको द्वीपक्षिय संझौता अनुसार यस गाउँपालिका अन्तर्गत पर्ने पदमार्गमा आधारित पर्यटन विकास परियोजना TTDP यस चालु आ व देखि संचालनमा रहेको र उक्त पदमार्गको निर्माण, पुनस्थापना र प्रवर्धन गर्ने कार्यका लागि देहायानुसारका पदाधिकारी रहने गरि परियोजना कार्यान्वयन समिति (Project Implementation Committee, PIC) गठन गर्ने निर्णय गरियो ।

देहाय

| | | |
|---|---|---|
| गाउँपालिका अध्यक्ष | श्री सरोज वस्नेत | – अध्यक्ष |
| प्रमुख प्रशासकिय अधिकृत | श्री विकेन पौडेल | - सदस्य |
| आर्थिक विकास समिति संयोजक | श्री सुर्यप्रसाद नेपाल | - सदस्य |
| परियोजना क्षेत्रका वडा अध्यक्ष | श्री नर वहादुर राई | - सदस्य |
| परियोजना क्षेत्रका वडा अध्यक्ष | श्री बल चन्द्र राई | - सदस्य |
| परियोजना क्षेत्रका वडा अध्यक्ष | श्री पूर्णप्रसाद राई | - सदस्य |
| परियोजना क्षेत्रका वडा अध्यक्ष | श्री हर्कराज राई | - सदस्य |
| परियोजना क्षेत्रका वडा अध्यक्ष | श्री सुनिल राई | - सदस्य |
| परियोजना क्षेत्रका वडा अध्यक्ष | श्री नभराज माङ्गपाहाङ्ग | – सदस्य |
| पूर्वाधार विकास तथा वातावरण शाखा | श्री जितेन्द्र अधिकारी | – सदस्य |
| योजना अधिकृत | ईन्जिनियर श्री रामकुमार तामाङ | - सदस्य सचिव |
| गाउँपालिका उपाध्यक्ष | श्री रमादेवी राई | - आमन्त्रित सदस्य |
| ७ नं. वडाका का वा वडा अध्यक्ष | श्री वाल वहादुर खड्का | - आमन्त्रित सदस्य |
| ८ नं. वडाका का वा वडा अध्यक्ष | श्री गंगाराम राई | - आमन्त्रित सदस्य |
| प्राविधिक सहयोग तर्फका प्रतिनिधि | श्री शुभ नारायण मण्डल | - आमन्त्रित सदस्य |
| प्राविधिक सहयोग तर्फका प्रतिनिधि | श्री पार्वति राना | - आमन्त्रित सदस्य |
| सान्दर्भिक कार्यक्रम प्रतिनिधि तर्फ | श्री जिवन किराती | - आमन्त्रित सदस्य |
| सान्दर्भिक कार्यक्रम प्रतिनिधि तर्फ | श्री गणेश तामाङ | - आमन्त्रित सदस्य |

**निर्णय नं. ३. मुन्दुम फार्म ट्रिपको समिक्षा सम्बन्धमा ।**

मुन्दुम ट्रेलको पर्यटन प्रवर्द्धनार्थ मिति २०८१/०७/०४ देखि २०८१/०७/११ गते सम्म भएको पर्यटन पत्राकार र जनप्रतिनिधिहरुको पदयात्राका क्रममा देखिएका, भोगेका र भावि पदमार्गको प्रर्वद्धन गर्ने विषयमा फार्म ट्रिप कार्यक्रमका संयोजक श्री पूर्णप्रसाद राईवाट वैठक समक्ष प्रस्तुत गर्नुभयो र उक्त फार्म ट्रिप उपलव्धि मुलक भएको वैठकमा समिक्षा गरियो। साथै मुन्दुम पदमार्ग प्रवर्द्धन तथा दिगो विकासको विषयमा छलफल गर्न अति जरुरी देखिएकोले पदमार्ग अन्तर्गत भोजपुर र खोटाङ जिल्लाका संघीय र प्रदेश माननिय सांसद, पदमार्ग आसपासका स्थानीय तहका जनप्रतिनिधि, संघ, संस्था र सम्वन्धित सरोकारवालाहरु वीच २०८१ साल मंसिर २१ गते छलफलका लागि पत्राचार गर्ने र सो कार्यका लागि देहायअनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

देहाय

वडा नं. ५ वडा अध्यक्ष श्री सुनिल राई – संयोजक

वडा नं. १ वडा अध्यक्ष श्री नर वहादुर राई – सदस्य

वडा नं. ३ वडा अध्यक्ष श्री पूर्णप्रसाद राई – सदस्य

वडा नं. ४ वडा अध्यक्ष श्री हर्कराज राई – सदस्य

वडा नं. ९ वडा अध्यक्ष श्री नभराज माङ्गपाहाङ्ग – सदस्य

माथि उल्लेखित कार्यदलले मिति २०८१ मंसिर २१ गते हुने वैठकमा मुन्दुम पदमार्गको प्रवर्द्धन र दिगो विकासका लागि अवधारणा पत्र तयार गर्ने ।

**निर्णय नं. ४ १५ वेड अस्पतालको निर्माण गर्न कम्पनीलाई स्पष्टिकरण सोध्ने सम्बन्धमा ।**

यस पालिकामा निर्माणाधिन १५ वेड अस्पतालको निर्माण कार्य ठेकेदार कम्पनी श्री भूमि हिमालयन जेभीले निर्माण कार्य अलपत्र अवस्थामा पारीएको हुँदा उक्त विषयमा यस पालिकावाट पटक पटक ताकेता गर्दा पनि सम्पर्कमा नआएको हुँदा के कति कारणले अलपत्र अवस्थामा पारी निर्माण कार्य नगरेको र तपाईको फर्मलाई कालो सूचिमा किन नहाल्ने सोको चित्त वुझ्दो जवाफका लागि मिति २०८१ कार्तिक २८ गते सम्म समय अवधि तोकि पत्राचार गर्ने निर्णय गरियो ।

विविध

**निर्णय नं. क) सुरक्षित आप्रवासन कार्यक्रम (सामी) सम्बन्धमा ।**

यस गाउँपालिकामा विगत वर्षदेखि संचालन हुदै आएको सुरक्षित आप्रवासन कार्यक्रम (सामी) यस आ व को लागि १ नं. वडा तिम्मा छनौट गर्ने र सो वडामा कार्यक्रमको नियमानुसार कार्यक्रम संचालन गर्न सम्वन्धित शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

ख) आर्थिक वर्ष २०८१/८२ मा यस गाउँपालिकाको मुन्दुम पदमार्गमा आधारित पर्यटन विकास परियोजना कार्यान्वयन हुने भएकोले, उक्त क्षेत्रको भौगोलिक विकटता, अत्यधिक चिसो मौसम, यातायातको असुविधाले सबै सामग्री मानिसद्धारा ढुवानी गर्नुपर्ने तथा आवासीय सुविधाको अभावलाई समेत ध्यानमा राखी, परियोजनामा काम गर्ने कामदारको दैनिक ज्यालादर रु १३००/- कायम गर्ने निर्णय गरियो ।